# नेपाल नागरिक उड्डयन प्राधिकरण

## प्रधान कार्यालयको

## करारमा नियुक्ति गर्ने सम्बन्धी सूचना

प्रकाशन मितिः २०७३/११/०९

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत दरवन्दीमा रिक्त रहेको देहाय वमोजिमको पदमा स्थायी पदपूर्ति भएमा स्वतः हट्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.११ बमोजिम बढीमा एक वर्षका लागि करारमा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट प्राधिकरणद्वारा स्वीकृत फाराम भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र रितपूर्वकको दरखास्त फाराम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **माग गरिएको पदको विवरण**: सेवाः प्राविधिक, समूहः एयर ट्राफिक सर्भिसेस, तहः सातौं, पदः बरिष्ठ अधिकृत
२. **माग पद संख्याः** ५२ (बाउन्न)
३. **दरखास्त दिने स्थानः** नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, प्रशासन विभाग, बबरमहल, काठमाडौं ।
४. **आवश्यक न्यूनतम शैक्षिक योग्यता**: मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा सूचना प्रविधि (IT) वा व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालीम प्राप्त ।
५. **परीक्षाको किसिमः** लिखित परीक्षा र अन्तर्वार्ता ।
६. **परीक्षा दस्तुरः** रु.७००।- (सात सय रुपैयाँ)
७. **दरखास्त फाराम दस्तुर**: रु १००।- (एक सय रुपैयाँ) ।
८. **फाराम दस्तुर र परीक्षा दस्तुर जम्मा गर्नु पर्ने स्थानः** एन.एम.बी. बैंकको जुनसुकै शाखा कार्यालयहरुमा रहेको यस प्राधिकरणको खाता नं.००१०००००९३१ ँ मा जम्मा गर्नुपर्नेछ । दरखास्त फारामको लागि आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी दस्तुर बुझाएको सक्कल भौचर पेश गरेमा मात्र दरखास्त फाराम दिइनेछ ।
९. दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट सम्म दरखास्त फाराम बुझाउन सकिनेछ ।
१०. लिखित परीक्षाको मितिः **२०७३ चैत्र १२ गते विहान ९.०० बजे ।** (परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।)
११ उमेरको हदः पुरुषको हकमा २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
१२ काम गर्नुपर्ने स्थानः प्राधिकरण अन्तर्गतका कार्यालयहरु ।
१३. तलव सुविधाः करारमा उल्लेख भएअनुसार ।
१४. दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), आफुले प्राप्त गरेको आधारभूत तालीमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरुका साथै विज्ञापनसंग सम्वन्धित पदको दर्खास्त दस्तुर बुझाएको नगदी रसिद समेत पेश गनुपर्नेछ ।
१५. विदेशी वोर्डवाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्ष निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।
१६. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागमा बुझ्न सकिनेछ ।